# माण्डवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
नयाँगाउँ, प्यूठान
प्रदेश नं.५, नेपाल

## नदी जन्य ढुङ्गा,गिट्टी,वालुवा उत्खनन्, सङ्कलन र घाटगद्दी तथा विक्री सम्बन्धी सूचना

प्रथम पंटक प्रकाशित मितिः २०७५।०६।१९

यस माण्डवी गाउँपालिकाको क्षेत्रमा रहेको अरङ्ग,माडी, झिमरुक नदीका किनारामा रहेका प्रारम्भीक वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा किटान गरिएको ढुङ्गा,गिट्टी,वालुवाको उत्खनन संकलन,घाट र परिमाण प्रदेश सरकार प्रदेश नं. ५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वाट स्वीकृत नदीजन्य पदार्थ व्यवस्थापनमा कार्यविधि २०७५ को परिच्छेद -३ माण्डवी गाउँपालिको नदीजन्य ढुङ्गा,गिट्टी,वालुवा उत्खन्न्, सङ्कलन सम्बन्धी तथा विक्री सम्वधी निर्णय वमोजिम ढुङ्गा,गिट्टी,वालुवा निकासी पैठारी संवन्धी तपशिलको शर्त पालना गर्ने गरी इच्छुक फर्म वा कम्पनीको लागि यो दरभाउ पत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | संकलन केन्द्र वा खनिको नाम | फारम शुल्क | न्यूनतम कवल गर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अरङ्ग,माडी र झिमरुक नदी | १०००।०० | ९,००,०००।०० | मु.अ.क बाहेक |

- माण्डवी गाउँपालिकाको स्वीकृत प्रारम्भीक वातावरणीय प्रभाव मूल्लाङ्कन प्रतिवेदनको पूर्ण रुपमा पालना गर्नुपर्ने छ ।
- उत्खनन् संकलन तथा विक्री गर्दा तोकिएका माण्डवी गाउँपालिकाका सम्पुर्ण घाटगद्दीहरु वाट गर्नु पर्ने छ ।
- सम्झौता गर्दा स्वीकृत फर्म वा कम्पनीले उत्खनन्, सङ्कलन गर्ने उपकरण, घाट गद्धी सम्म जाने र ढुवानी गर्ने ट्र्याकटर, ट्रिपरको विवरण पेश गर्नु पर्ने छ र स्वीकृत नम्बरका गाडीहरुवाट मात्र ढुवानी गर्नुपर्ने छ ।
- स्वीकृत परिमाणको निकासी विक्री गर्दा प्रदेश ऐन को दफा ८ मा भएको स्रोत शुल्क प्रति क्यू. फिट रु ३।३५ अर्थात प्रति ट्र्याकटर प्रति ट्रीप रु २०० र ट्रिपर प्रति ट्रीप रु ७०० का दरले लिनुपर्ने छ ।
- गाउँकार्यापालिकाको निर्णय वमोजिम माण्डवी गाउँपालिकाको क्षेत्रमा पर्ने सम्पूण नदीवाट उत्खनन् गरे वापत रु ९,००,०००।०० माण्डवीका गाउँपालिकाका सम्पुर्ण घाटहरुवाट न्यनतम रकम कायम गरिएकोमा उक्त रकममा वढावढको माध्ययमवाट दररेट स्वीकृत गरिने छ । कवल अंकमा मु.अ.क र TDS थप गरी यस गाउँपालिकामा वुभाउनु पर्ने छ ।
- पेश भएका फर्म वा कम्पनीको योग्यता पुगेको र कार्य क्षमताको विश्वासनीयताको आधारमा छनौट गरिने छ । उचित कारण सहित दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहने छ ।
- विड डकुमेन्ट कार्यालयबाट रु १०००।०० लिई सूचना प्रकाशित भएको १५ औ दिन कार्यालय समय भित्र उपलब्ध गराईने छ ।
- कार्यविधिको परिच्छेद -६ को दफा १७ मा व्यवस्था भएको जिल्ला अनुगमन तथा व्यवस्थापन समितिले अनुगमन गरि दिएको सुझाव लाई पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने छ ।
- इच्छुक फर्म वा कम्पनीले दररेट पेश गर्दा कार्यालयले उपलब्ध गराएको BID Document , Bill OF Quantity भरी अंक र अक्षरमा भरी आवश्यक कागजात र निवेदन सहित सिलवन्दी गरी प्रथम पटक सूचना प्रकाशित मितिले १६ औ दिनको १२:०० वजे भित्र माण्डवी गाउँपालिकाको कार्यालय नयाँगाउँ प्यूठानलाई संवोधन गरी पेश गर्नु पर्ने छ । उक्त दिन सार्वजनिक विदा परेमा उक्त दिनको भोली पल्ट सोही समयमा पेश गर्नु पर्ने छ ।
- नियमानुसार प्रकृया पुगी दर्ता भएका वोलपत्र हरु कार्यालय, प्रतिनिधि तथा वोलपत्र / दर भाउ पत्रदाताको उपस्थितिमा १६औं दिनको २:०० वजे खोलिने छ र वोलपत्र दार्ता उपस्थितिमा नभएमा वोलपत्र / दर भाउ पत्र खोल्नमा वाधा पर्ने छैन ।
- वोलपत्रदाताले आफुले कवोल गरेको अंकमा मू.अ.क जोडी उक्त रकमको ५ % ले हुने धरौटी रकम नगदै ०५२०३०००००००३०००२२ वा यस कार्यालयको नाममा जारी गरिएको मान्यता प्राप्त बैंकको १० महिना अवधि रहेको जमानत पत्रको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।
- नदीजन्य ढुङ्गा,गिट्टी,वालुवा उत्खनन्, सङ्कलन कार्य सम्झौता मिति देखि २०७६।०३।१५ सम्म मात्र गर्नु पर्ने छ ।
- यस सूचनामा छुट हुन गएको हकमा सार्वजनिक खरीद ऐन २०६३ नियमवली २०६४ र प्रदेश सरकार प्रदेश नं. ५ को नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ र प्रचलित कानुन वमोजिम हुने छ ।
- थप जानकारिका लागि यस कार्यालयको फोनं. ९८५७८३३४१३,९८५७८३६००६ मा कार्यलयको समय भित्र सम्पर्क राख्न सकिने छ ।
- **आवश्यक कागजात**

◆ नवीकरण भएको ईजाजतपत्रको प्रमाणित प्रतिलिपि ,मु. अ. क. दर्ता प्रमाण पत्रको प्रतिलिपि आ.व २०७४।०७५ को कर चुक्ता प्रमाण पत्र ,गाउँपालिकाको व्यवसाय प्रमाणपत्र /सूचीकृत प्रमाण पत्र

नारायण पौडेल
**प्रमुख प्रशासकिय अधिकृत**

नारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत